
अगाडकिो आवरण पृष्ठ


# चलाख काग र मूर्ख बाँदर



लेखक: मनलि महर्जन

तह ६, कक्षा २

नेपालीजनावरका कथाहरू




म एउटा काग हुँ। मलाई सबैले चलाख चरा भन्छन्। म चलाख पनि छु। मेरो एउटा बाँदर साथी छ। तर साथी भने धेरै मूर्ख छ।



एक पटक हामीलाई घुम्न मन लाग्यो। हामी वन भन्दा बाहरि गयौँ। बाटोमा एउटा सानो गाउँ आयो। कसिानहरू खेतमा आँए। आलीमा खाजा राखेर काम गर्न थाले।







मेरो साथी अलि लोभी पनि छ। उसलाई त्यो खाजा खान मन लागेछ। ऊ लुकेर खाजा भएतरि पो गयो। मैले उसलाई चोरी नगर्न संझाए। तर उसले मलाई नडराऊन भन्यो।



मलाई पनि खाजा ल्याइदिन्छु भनेर गयो। बाँदरले सजाय पाउँछ भन्ने मलाई लाग्यो । म परको रुखमा बसेर हेरी रहेँ। बाँदर लुकी लुकी त्यहाँ गयो। खाजाको भाँडो नजिक पुग्यो।



भाँडोको बिर्को खोल्यो। भाँडोमा हात पसायो। हातभरी खाजा भेटेर बाँदर खुसी भयो। भाँडोको मुख सानो थियो। बाँदरले खाजा समाएर मुट्ठी बनायो। भाँडोबाट हात नकाल्न खोज्यो।



हात खोल्दा सजलै भित्र पसेको थियो। मुट्ठी पार्दा हात बाहरि नै आएन। अब के गर्ने? बाँदरको हात त भाँडो भित्रै अड्कियो। पर कसिानहरूले काम सकाए। उनीहरूको खाजा खाने बेला भएछ।







उनीहरू खाजा भएतरि लागे। मैले साथीलाई हात खोलेर भाग भने। लोभी बाँदरले मानेन। उसको हात भाँडोमा फस्यो। कसानले छटि-छटि आएर बाँदरलाई समाए।



कसिानले बाँदरलाई डोरीले कसे। लामो लठ्ठी लएिर आए। अनी बाँदरलाई पट्टिन थाले। बाँदर बेसरी रोयो। उसको जीउमा धेरै घाउ लाग्यो।



बाँदर रोएर म तरि आयो । मैले साथीलाई कुरा बुझाए। “हेर साथी मूर्ख नबन। झन लोभी त कहलि पनि नबन।” मेरो साथीले कुरा बुझ्यो।



केही दनिपछि बाँदरको घाउ निको भयो। हामी घुम्दै त्यहीँ खेतमा पुग्यौँ। कसिानहरू काम गर्दै थिए। आलीमा त्यही भाँडोमा खाजा थियो। यसपाली बाँदरले खाजा खाने आँट गरेन।

शीर्षक पृष्ठ

चलाख काग र मूर्ख बाँदर

Images by © 2019 The Art Of Reading 3.0, © 2009 SIL International. CC-BY-ND 3.0.

तहगत, तह ६

This book has been developed under the Enabling Writers Project with the support of the Curriculum Development Centre-Ministry of Education, Science and Technology Nepal, Language Commission- Government of Nepal, Samunnat Nepal and World Education.

नेपालीNepal

श्रेय पृष्ठCopyright © 2019, Enabling Writers Project - World Education-Nepal

http://creativecommons.org/licenses/by/4.0/तपाईंले यस रचनालाई व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न पाउनुहुन्छ। तपाईंले यस रचनालाई समायोजन गर्न वा यसमा आफ्नो तर्फबाट थपथाप गर्न पाउनुहुन्छ। तपाईंले लेखक, चित्रकार, इत्यादिको प्रतिलिपि अधिकार सूचना र नाम राख्नुपर्छ।

अगाडिको आवरण पृष्ठको भित्रिपट्टी

यस पुस्तकको बारेमा: नेपाली भाषामा तयार गरिएको यो पुस्तक कक्षा २ मा अध्ययनरत भाइबहिनीहरूका लागि हो। यो पुस्तक देवनागरी लिपिका सबै वर्ण र मात्रा सिकिसकेका बालबालिकाको स्वतन्त्र पठनका लागि तयार पारिएको हो। पढाइ सीपको विकास गर्नका लागि यस पुस्तकलाई शिक्षकले नयाँ शब्द सिकाउन, नमुना पठन गर्न र बोध शिक्षणका लागि प्रयोग गर्न सक्नेछन्।

The End